विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# यहूदाको पत्रको
# टिप्पणी

# यहूदाको पत्र

## यहूदाको पत्रको भूमिका

*‘यस छोटो पत्रका एक-एक पङ्क्तिमा स्वर्गीय अनुग्रहले पूर्ण शक्तिशाली शब्दहरू लेखिएका छन् ।’*

*श्री ओरिगेन*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

परमेश्वरको इच्छाअनुसार लूकाले ‘प्रेरितहरूका कामहरू’ नामक प्रेरितको पुस्तक लेखेर इसाई इतिहास लेख्न शुरु गरे; ठीक त्यस्तै परमेश्वरको इच्छाअनुसार यहूदा चुनिए, जसले नयाँ नियमको अन्तिम पुस्तकको अगाड़िको पुस्तक लेखे, जुन पुस्तकले ‘धर्मत्यागीहरूका कुकर्महरू’ भन्ने उपयोगी उपनाम पाएको छ। आफ्ना पाठकहरूलाई लेख्दा ख्रीष्ट-विश्वासीहरूको पारस्परिक, साझा विश्वासको सम्बन्धमा लेख्न यहूदाको ठूलो इच्छा थियो । तर चारैतिर झूटा शिक्षाहरू यति ज्यादा बढ़े, कि तिनले *‘तिमीहरूले एकैचोटि सदाका निम्ति सबै पवित्र जनहरूलाई*

*सुम्पिएको विश्वासका निम्ति संघर्ष गर्नुपर्छ'* भन्ने आग्रह उनीहरूलाई लेख्नु दरकार पर्‍यो ।

यहूदाले आफ्ना शब्दहरूको बल अलिकति पनि कम गर्दैनन्, त्यसको शक्ति घटाउँदैनन् । यी कुख्यात झूटा शिक्षकहरूको भण्डाफोर गर्न तिनले आफ्नो कलममा कुनै लगाम नलगाईकन प्रकृतिबाट, पुरानो नियमबाट र यहूदीहरूको परम्पराबाट उदाहरणहरू झिकाएर यी विश्वासीहरूलाई उत्साह दिन खोजेका छन् ।

निक्कै ठाड़ै भाषामा लेखिएको यस पत्रको रचना एउटा श्रेष्ठकृति मान्नुपर्छ, जुन रचनामा बीच-बीचमा तीन-तीन कुराहरूको समूहरूपी नत्थहरू जाड़िएका हुन्छन् । यहूदा १ः११ पद यसको उदाहरण हो, जसमा तीनवटा दुष्ट मानिसहरूको वर्णन छ । तिनले धर्मत्यागीहरूका अवगुणहरू वर्णन गरेका तिनका हुलियाहरू अति सजीव र अविस्मरणीय छन् ।

यहूदाले आफ्नो पत्रको अन्तमा रचेका परम-सुन्दर आशीर्वादका निम्ति मण्डली तिनीप्रति सदैव अभारी र ऋणी छ । यहूदाको पत्र छोटो छ, तर यी दिनहरूमा यस पत्रको झन् बढ़ी आवश्यकता छ, जुन दिनहरूमा धर्मपतन अविरल रूपले बढ्दै गएको छ ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*बाहिरी प्रमाणहरूः* यहूदाको पत्र छोटो छ; त्यसमा प्रस्तुत गरिएका कतिपय लेख-समाग्रीहरू पवित्र धर्मशास्त्रको रूपमा मानिएका 'कानुनीय पुस्तकहरू'देखि बाहिरबाट लिइएका छन् । अनि लेखक प्रभु येशूको प्रेरित थिएनन् (यहूदा १ः१७) । यसो भए पनि पत्रुसको दोस्रो पत्रभन्दा त्यस पत्रका बाहिरी प्रमाणहरू बलिया छन् ।

हेर्मस (दोस्रो शताब्दी), पोलिकार्प (इस्वी संवत् ६९-१५५) र अथेनागोरसले (इस्वी संवत् १३३-१९०) यस पत्रबाट सापट-समाग्रीहरू चलाए। (इस्वी संवत् १५५-२२०) टेर्टुलियानले यहूदाको पत्रमा हनोकको सन्दर्भ लिएको कुरा आफ्नो कुनै लेखमा उठाए (इस्वी संवत्

२६५-३३९); तर (इस्वी संवत् २६०-३४०) यूसेबियसले यहूदाको पत्र विवादित पुस्तकहरूमा राखे। अनि मुराटोरी कानुनमा यहूदाको पत्रले मौलिक लेखहरूको बीचमा आफ्नो स्थान पायो।

*भित्रीय प्रमाणहरू:*

यहूदा भन्ने नामचाहिँ यहूदीहरूको बीचमा खूब चल्ती भएको नाम थियो। नयाँ नियममा सातजना यहूदाहरू छन् भने ती सातजनामध्ये तीनजनाचाहिँ याकूबका भाइ यहूदा हुन सक्छन्, जस्तैः

**क)** लूका ६:१६: प्रेरित यहूदा। यिनी यहूदा इस्करयोती थिएनन्, तर अर्को यहूदा थिए। तर यहूदा १:१७ पदमा लेखकले आफूलाई प्रभुका प्रेरितहरूको बीचमा होइन, तर आफूलाई उनीहरूबाट भिन्न राख्छन्। यहूदाको पत्रको लेखकले आफूलाई प्रभु येशूका प्रेरितहरूमध्ये एक हुने दाबी गर्न सकेका भए तिनको अधिकार बढ्नेथियो। तर तिनले यसो गरेनन्। यसकारण प्रेरित यहूदाचाहिँ यहूदाको पत्रको लेखक नहोलान्।

**ख)** प्रेरित १५:२२: बर्साबास उपनाम भएको यहूदा। उनी र सिलासचाहिँ पावल र बर्नबासको साथमा एन्टिओकमा पठाइए। उनी यस पत्रको लेखक हुनु सम्भव छ; तर उही यहूदा यस पत्रको लेखक हुन् भन्ने एउटै प्रमाण पाइँदैन।

**ग)** मत्ती १३:५५: सौतिनी नाताले हाम्रा प्रभु येशूको भाइ पर्ने यहूदा, जो याकूबको साक्खै भाइ थिए (यस सम्बन्धमा याकूबको पत्रको भूमिका हेर्नुहोला)। हाम्रो विचारमा, पक्का पनि यी यहूदाचाहिँ यस पत्रको लेखक हुनुपर्छ; किनभने प्रभु येशू र आफ्नो दाजु याकूबले गरेजस्तै तिनले पनि प्रकृतिबाट उदाहरणहरू लिन्छन्; अनि तिनको जोड़दार र रोचक लेख्ने शैली छ।

आफ्नो दाजु याकूबले जस्तै यहूदाले पनि मुक्तिदाता प्रभुसित आफ्नो शारीरिक नाता काममा लगाएनन्; तिनको मर्यादाले तिनलाई यस कुराबाट

फाइदा उठाउन दिएन; किनभने प्रभु येशूसितको आत्मिक सम्बन्ध महत्त्वपूर्ण छ। यस विषयमा प्रभु येशूले भन्नुभयो: *'किनभने जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ, उही मेरो भाइ, बहिनी र आमा हुन्'* (मत्ती १२:५०)। अनि अर्को एक ठाउँमा उहाँले यस प्रकारको शिक्षा दिनुभयो: रगतको नाता पर्ने कुरामा महत्त्व के छ र? परमेश्वरको वचन सुन्नु र पालन गर्नुभन्दा ठूलो कुरा हुँदैन (लूका ११:२७-२८)।

याकूबले जस्तै यहूदाले पनि प्रभु येशूप्रति दासको स्थान लिएका छन्। प्रभुका यी दुईजना भाइहरूले उहाँको बौरिउठाइ नभएसम्म उहाँमाथि विश्वास गरेनन्। यसकारण उहाँको दास भएर बस्न उनीहरूलाई अब कति राम्रो सुहाउँछ। यहूदाको विवाह भएको थियो; अनि तिनले आफ्ना प्रचारका यात्राहरूमा आफ्नी धर्मपत्नीलाई साथमा लान्थे (१ कोरिन्थी ९:५)। अनि इस्वी संवत् नब्बेको दशकमा सम्राट डोमिटानको शासनकालअन्तर्गत यहूदाका नातिहरूचाहिँ ख्रीष्ट्यान हुने आरोपमा सम्राटको सामु ल्याइए। तर धेरै वर्षसम्म बारीमा मेहनत गरेका यी भाइहरूका चाम्रिएका हातहरू देखेर यी सम्राटले उनीहरूलाई अनापकारक यहूदीहरू सम्झेर छोड़िदिए।

## ३) त्यस पत्रको लेख्ने मिति

के पत्रुसले यहूदाको पत्र प्रयोग गरे? के यहूदाले पत्रुसको दोस्रो पत्र प्रयोग गरे? अथवा के दुवैजनाले आफ्नो पत्र लेख्न अर्को स्रोत प्रयोग गरे? यसको विषयमा विवाद चल्दैछ। तर यी दुईवटा पत्रहरूको बीचमा यति धेरै समानताहरू छन्, कि यो संयोगको फल हो भनेर मान्न सकिँदैन। पत्रुसले आफ्नो दोस्रो पत्रमा झूटा शिक्षकहरू र गिल्ला गर्नेहरू उठ्नेछन् भनेर लेखे (२ पत्रुस २:१ र ३:३)। तर यहूदाले यस्ता मानिसहरूको सम्बन्धमा 'तिनीहरू भित्र पसिसके' भनेर लेख्छन् (यहूदा १:४)। यसो हो भने, यहूदाको पत्र पछि लेखियो। हुन सक्छ, यस पत्रको लेख्ने मिति इस्वी संवत् ६७-८० सालभित्र हुनुपर्छ। तर यहूदाले इस्वी संवत् ७०

सालमा भएको यरूशलेमको सत्यानाशको विषयमा केही पनि लेख्दैनन्। यसकारण यसको विषयमा यो घटना अझै पनि भविष्यमा घट्न बाँकी नै थियो भन्ने अनुमान लगाइन्छ। यसको मतलब यो हो कि, यस पत्रको लेख्ने मिति इस्वी संवत् ६७-७० सालभित्र भएको हुनुपर्ला। अर्को सम्भवना पनि छः यरूशलेमको विनाश निक्कै अगाड़ि भइसकेको थियो। तब यहूदाको पत्र लेख्ने मिति इस्वी संवत् ८० अथवा ८५ सालमा भएको सम्भव हो। यो कुरा यहूदाको आयुमाथि भर पर्छ। अनि अर्को सम्भावना यस प्रकारको छः तिनी संवेदनशील यहूदी इसाई भएकोले तिनलाई यरूशलेमको विनाशको विषयमा बोल्न, लेख्न वा त्यो आफ्नो लेखको सन्दर्भको विषय तुल्याउनु असम्भव थियो; किनभने त्यसको मानसिक आघात अझै पनि आलो थियो।

## ४) सन्दर्भ र विषयवस्तु

यहूदाको पत्रको मुख्य विषयवस्तु धर्मपतन हो; किनभने सत्धर्मको द्रोह गर्ने यी शत्रुपोषीहरू मण्डलीभित्र पसिसकेका थिए। यिनीहरूले आफूलाई प्रभुका सेवकहरू भइटोपल्थे; तर वास्वतमा यिनीहरू ख्रीष्टको क्रूसका शत्रुहरू थिए। अनि यी विश्वासघातीहरूको भण्डाफोर गर्नु र यिनीहरूको डरलाग्दो अन्तको वर्णन गर्नु यहूदाको पत्र लेख्ने उद्देश्य थियो।

धर्मत्यागी को हो? यस्तो मानिसले आफ्नो विषयमा 'म एक साँचो इसाई हुँ' भन्छ, तर उसको नयाँ जन्म भएको छैन। उसको बप्तिस्मा भएकै हो। अनि उसले आफ्नो स्थानीय मण्डलीमा सदस्य-सदस्याको मान्यता पाएको छ। तर केही समयपछि उसले राजीखुशीले इसाई विश्वास छोड्छ र मुक्तिदाता प्रभुको निन्दा गरेर उहाँसितको सम्बन्ध खुल्लमखुल्ला विच्छेड़ गर्छ। उसले ख्रीष्ट येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा इन्कार गर्छ। उसले प्रभुको क्रूसको मृत्युमा मानिसहरूको त्राणको काम पूरा भएको थियो भन्ने कुरा अस्वीकार गर्छ। प्रभु येशू मरेको तेस्रो दिनमा मरेकाहरूको

बीचबाट बौरिउठ्नुभएको कुरा उसले अबदेखि विश्वास गर्दैन र अरू आधारभूत इसाई शिक्षा-सिद्धान्तहरू पनि स्वीकार गर्दैन ।

विश्वासबाट पछि हट्नु अर्को कुरा हो । किनभने धर्मत्यागी कहिल्यै प्रभुकहाँ फर्केको छैन; उसले कहिल्यै मुक्ति पाएको छैन; उसको नयाँ जन्म कहिल्यै भएको थिएन । 'मलाई हाय, किनकि परमेश्वरको एकमात्र मुक्तिको बाटो मैले त्यागें' भन्ने धुकचुक उसलाई अलिकति पनि लाग्दैन । किनभने उसको हृदय अविश्वासमा कठोर भएको छ; हठी र मूर्ख भएर उसले परमेश्वरका ख्रीष्टको घोर विरोध गर्छ ।

मुक्तिदाता प्रभुलाई इन्कार गर्ने मानिसले धर्मत्याग गरेको होइन, नत्र पत्रुसले यो पाप गरेको हुनुपर्छ । तर पत्रुस एक साँचो विश्वासी थिए, जसले परीक्षामा पर्दा फेल खायो; किनभने तिनी यस प्रकारको तनावमा परेको अवस्थामा स्थिर रहन सकेनन् । तर वास्तवमा तिनले प्रभु येशूलाई प्रेम गर्थे; पश्चात्ताप गरेर र प्रभुसितको सम्बन्ध पुनर्स्थापित गरेर तिनले आफ्नो विश्वासको वास्तविकताको प्रमाण दिए ।

यहूदा इस्करयोतीचाहिँ धर्मत्यागी थियो । त्यसले प्रभुको चेला हुने दाबी गर्‍यो । प्रभु येशूको पछि लागेर त्यसले उहाँसित तीन वर्षसम्म यात्रा गर्दथियो । अनि त्यो प्रभुका चेलाहरूको कोषाध्यक्ष थियो । तर अन्तमा त्यसको मनभित्र के थियो, सो बाहिर प्रकट भयोः त्यसले तीसवटा चाँदीका टुक्रा लिएर प्रभु येशूलाई विश्वासघात गरेर उहाँलाई शत्रुहरूको हातमा सुम्प्यो ।

धर्मत्यागको पाप मृत्युमा पुर्‍याउने पाप हो । मृत्युसम्म पुर्‍याउने पाप गर्ने मानिसहरूका निम्ति विन्ती-प्रार्थना गर्नुचाहिँ ख्रीष्ट-विश्वासीहरूको जिम्मेवारीदेखि बाहिरको कुरा हो (१ यूहन्ना ५ः१६[ख]) । धर्मत्यागीलाई पश्चात्तापमा फर्केर ल्याउनु असम्भव छ । यस प्रकारको नवीकरण हुनै सक्दैन; किनभने त्यसले परमेश्वरको पुत्रलाई आफ्नो निम्ति क्रूसमा चढ़ाएको छ र उहाँलाई खुला रूपले शर्ममा पारेको छ (हिब्रू ६ः६) । यस प्रकारको पाप गर्नेहरूका निम्ति *'कुनै पाप-बलि बाँकी रहँदैन, तर न्यायको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म पार्ने आगोको ज्वाला मात्र बाँकी*

रहन्छ'; किनभने तिनीहरूले सत्यताको ज्ञान प्राप्त गरेपछि जानी-बुझी यही पाप गर्छन् (हिब्रू १०:२६-२७)।

शुरुको मण्डलीमा धर्मपतनका बिजनहरू छरिसकेका थिए। प्रेरित पावलले एफेसीको मण्डलीका एल्डरहरूलाई चेताउनी दिएर के भनेका थिए भने, उनलाई थाहा थियो, कि उनी गएपछि तिनीहरूको बीचमा क्रूर ब्वाँसाहरू भित्र पस्नेछन्, जसले बगाललाई छोड्नेछैनन्; अनि तिनीहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नलाई टेढ़ामेढ़ा कुरा गर्ने मानिसहरू उठ्नेछन् (प्रेरित २०:२९-३०)। अनि प्रेरित यूहन्नाले आफ्नो पहिलो पत्रमा ख्रीष्ट-विरोधीहरूको विषयमा निम्न कुरा लेखेः *'तिनीहरू हामीबाट निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकि तिनीहरू हाम्रा हुँदा हुन् ता तिनीहरू हामीसँग रहनेथिए; तर तिनीहरू सबैजना हाम्रा होइन रहेछन् भन्ने कुरा प्रकट होस् भन्ने हेतुले तिनीहरू हामीबाट निस्के'* (१ यूहन्ना २:१९)। यी ख्रीष्ट-विरोधीहरूले इसाई सङ्गति छोड़ेर अर्थात् आफ्नो विश्वास त्यागेर आफ्नो वास्तविकता प्रकट गर्छन्।

२ थेस्सलोनिकी २:२-४ पदको खण्डमा हामीले के सिक्छौं भने, प्रभुको दिन आउनुभन्दा अघि ठूलो धर्मपतन हुनेछ। हाम्रो विचारमा, यस सम्बन्धमा कालक्रम यस प्रकारको हुनेछः

**क)** पहिले प्रभु येशू आफ्नो मण्डलीलाई पिताको घरमा लैजान आकाशमा आउनुहुनेछ (यूहन्ना १४:१-३ र १ थेस्सलोनिकी ४:१३-१८)

**ख)** यस घटनामा छोड़िएका नामधारी इसाईहरूको बीचमा ठूलो धर्मपतन हुनेछ।

**ग)** त्यसपछि पापको पुरुष संसारको मञ्चमा देखा पर्नेछ।

**घ)** त्यसपछि सात वर्षको सङ्कष्टकालबाट प्रभुको दिन शुरु हुनेछ।

त्यो पापको पुरुष महा-धर्मत्यागी हो। त्यसले ख्रीष्ट येशूको घोर विरोध गर्नको साथै मानिसहरूको बीचमा आफूलाई परमेश्वरको रूपमा पूजा गर्न लगाउनेछ।

पत्रुसले आफ्नो दोस्रो पत्रमा अन्तिम दिनहरूमा खड़ा हुने धर्मत्यागी झूटा शिक्षकहरूको विस्तृत चित्रण दिएका छन् (२ पत्रुस २:)। अनि तिनले दिएको वर्णन र यहूदाले आफ्नो पत्र दिएको वर्णन कति सन्दर्भमा मिल्छन्। यी दुई पत्रहरूको समानता कहाँसम्म पुगेको छ, सो कुरा निम्न पदहरूको तुलनाबाट बुझिन्छः

| **यहूदाको पत्रः** | **पत्रुसको दोस्रो पत्रः** |
| --- | --- |
| यहूदा १:४ | २ पत्रुस २:१-३ |
| यहूदा १:७ | २ पत्रुस २:६ |
| यहूदा १:८ | २ पत्रुस २:१० |
| यहूदा १:९ | २ पत्रुस २:११ |
| यहूदा १:१० | २ पत्रुस २:१२ |
| यहूदा १:१६ | २ पत्रुस २:१८ |

यी पत्रहरूको बीचमा भएका समानताहरू छँदैछन्; तर यिनको बीचमा भएका भिन्नताहरू झन् महत्त्वपूर्ण भएका देखिन्छ। यहूदाले नूह र जलप्रलय अनि लूतको कुरा गर्दैनन्। अनि पत्रुसले मिस्र देशबाट छुटकारा पाएका यहूदीहरू, प्रधान स्वर्गदूत माइकल, कयिन र कोरहको नाम लिँदैनन्, न हनोकको भविष्यवाणीको कुरा गर्छन्। तिनले पाप गर्ने स्वर्गदूतहरूको विषयमा कुनै विस्तृत जानकारी दिँदैनन्, तर यहूदाले दिन्छन्। पत्रुसले झूटा शिक्षकहरूको सिलसिलामा *'जसले तिनीहरूलाई किन्नुहुने प्रभुलाई समेत इन्कार गर्छन्'* भन्छन् भने, यहूदाले तिनीहरूको कुरा बढ़ाएर तिनीहरूको विषयमा *'जसले हाम्रा परमेश्वरको अनुग्रहलाई कामुकतामा परिवर्तन गर्छन् र जसले एकमात्र मालिक परमेश्वरलाई र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन्'* भन्ने वर्णन दिन्छन्।

यसकारण पत्रुसको दोस्रो पत्रको दुई अध्याय र यहूदाको पत्रचाहिँ एक-अर्कोको दरुस्त नक्कल-प्रति सम्झनुको सट्टामा हामीले बुझ्नुपर्छः पवित्र आत्माले आफ्नो इच्छा र उद्देश्यअनुसार पत्रुसको पत्रमा छुट्टै र

यहूदाको पत्रमा छुट्टै समाग्री-लेखहरू हाल्न चुन्नुभएको छ। अनि पहिले हामीलाई पत्रुसको दोस्रो पत्रको दुई अध्याय र यहूदाको पत्रमा एक-अर्कोसित पूरा मिलेर लेखिएको जस्तै लाग्न सक्ला, तर पछिबाट के बुझिन्छ भने यी दुवै लेखहरू खास गरी एक-अर्कोको प्रतिलिपि हुँदैन रहेनछन्। चारवटा सुसमाचारका पुस्तकहरू अध्ययन गर्नुहोस्, अथवा एफेसी र कलस्सीका पत्रहरू आपसमा तुलना गर्नुहोस्! तब तपाईं परमेश्वरको आत्माले आवश्यक भएको खण्डमा बाहेक अरू कुनै बेलामा एउटै कुरा घरिघरि दोर्‍याउनुहुन्न भन्ने बुझ्नुहुन्छ। लेखहरूको बीचमा एक-अर्कोसित मिल्ने समानताहरू छन् भने त्यसमा आत्मिक अर्थ छ भने तिनीहरूको बीचका भिन्नताहरूमा पनि अर्थ हुन्छ। हामीमा यसको निम्ति देख्ने आँखाहरू भए पो, कति असल हुनेथियो!

## रूपरेखाः

**क) यहूदा १:१-२:** अभिवादन

**ख) यहूदा १:३-१६:** धर्मत्यागीहरूको भण्डाफोर

**ग) यहूदा १:१७-२३:** धर्मपतन भएको समयमा ख्रीष्ट-विश्वासीहरूले खेल्नुपर्ने भूमिका

**घ) यहूदा १:२४-२५:** परम-सुन्दर आशीर्वाद

# यहूदाको पत्रको टिप्पणी

## क) यहूदा १ः१-२ः अभिवादन

**यहूदा १ः१ः** परमेश्वरले धर्मत्यागीहरूको भण्डाफोर गर्न धर्मी यहूदालाई प्रयोग गर्नुभयो, जुन धर्मत्यागीहरूको परम उदाहरण अर्को एकजना यहूदा थियो, यहूदा इस्करयोती थियो। अनि यी धर्मी लेखक यहूदाचाहिँ येशू ख्रीष्टको दास र याकूबको भाइ थिए; तिनको विषयमा अरू बढ्ता सुनिश्चित जानकारी दिइएको छैन।

यहूदाको पत्रका प्रापकहरूको विषयमा लेखकले तीनवटा विशेषताहरू बयान गर्छन्, जुन विशेषताहरू सबै साँचो विश्वासीहरूसँग हुन्छन्ः उनीहरू बोलाइएका, परमेश्वर पिताद्वारा पवित्र पारिएका[1)] र येशू ख्रीष्टमा सुरक्षित राखिएका छन्। सुसमाचारद्वारा परमेश्वरले उनीहरूलाई संसारका मानिसहरूको बीचबाट बोलाउनुभयो र उनीहरूलाई आफ्ना निम्ति बोलाउनुभयो। परमेश्वरले उनीहरूलाई उहाँको निजी पवित्र जाति हुनलाई अलग गर्नुभयो। अनि उनीहरूको सुरक्षा पनि अद्भुत छ; किनभने उनीहरू सबै खतराहरू, सबै हानि-नोक्सानी, अशुद्धि, दोषारोप र न्यायजाँचदेखि सुरक्षित रहन्छन् र अन्तमा उनीहरू स्वर्गमा उठाइनेछन्, जहाँ उनीहरूले मसीह राजालाई उहाँको सुन्दरतामा देख्नेछन्।

**यहूदा १ः२ः** आफ्ना पाठकहरूका निम्ति यहूदाको शुभेच्छा छः *'उनीहरूलाई प्रशस्त गरी कृपा, शान्ति र प्रेम भएको होस् !'* यस प्रकारको अभिवादनरूपी शुभेच्छा उनीहरूका निम्ति उपयुक्त हुन्छ; किनभने उनीहरूले ती दुष्ट मानिसहरूका आक्रमण र हमलाहरू सामना गर्नुपरेको थियो, जुन मानिसहरूले उनीहरूको विश्वास नाश गर्न खोज्दैथिए।

*कृपाः* संघर्ष, विपत्ति र दबावमा परेको बेलामा समस्या-समस्याले घेरिएका पवित्र जनहरूलाई परमेश्वरको ढाड़सरूपी सान्त्वना र वास्ता एकदम खाँचो पर्छ। उहाँको कृपा पाउनु भनेको यो हो।

*शान्तिः* यी ख्रीष्ट-विश्वासीहरूमा त्यो प्रशान्ति र त्यो निर्धक्कता कहाँबाट आउँछ ? त्यो त उनीहरूले परमेश्वरको वचनमाथि भरोसा गरेको फल हो। उनीहरूले परिस्थितिहरू पार आफ्नो दृष्टि उहाँमाथि लगाएका हुन्छन्, जसले सबै परिस्थितहरू आफ्नो इच्छा र उद्देश्यको अधीनतामा राख्नुभएको छ।

*प्रेमः* परमेश्वरको अँगालोमा प्रेम छ। उहाँले आफ्ना प्रिय जनहरू सबैलाई प्रेम नगरी सक्नुहुन्न। उहाँको अपार प्रेमको सागरमा डुबेका मानिसहरूले मात्र अरूलाई प्रेम गर्न सक्छन्।

यहूदाको त्रयी शुभेच्छाअनुसार पत्रको प्रापकहरूलाई प्रशस्त कृपा, प्रशस्त शान्ति र प्रशस्त प्रेम मिलेको होस् ! एक आशिषमाथि अर्को आशिष जोड़ेर यी आशिषहरू पालोसित आउने होइन, तर उनीहरूको जीवनमा यी आशिषहरूको गुणा-गुणै भएको होस्।

## ख) यहूदा १ः३-१६ः धर्मत्यागीहरूको भण्डाफोर

**यहूदा १ः३ः** शुरुमा यहूदाको यो पत्र लेख्ने कारण अर्को थियो। तिनले त्यस महिमित मुक्तिको विषयमा लेख्न चाहे, जुन मुक्तिचाहिँ हामी सबै ख्रीष्ट-विश्वासीहरूको साझा धन हो। तर पवित्र आत्माले लेखकको मन अर्को विषयमाथि ल्याइपुर्‍याउनुभयो, र तिनले यसमा उहाँको अगुवाइ स्वीकार गरे। अब शिक्षायुक्त साधारण निबन्ध लेख्न पर्याप्त भएन। होइन,

पाठकहरूलाई विश्वासमा बलियो पार्ने आग्रहरूपी जोशयुक्त निवेदन चाहिएको छ। विश्वासका निम्ति यत्नपूर्वक संघर्ष गर्न उनीहरूलाई उत्साह दिनुपर्छ र प्रोत्साहन गर्नुपर्छ। यस लड़न्तका निम्ति उनीहरू जागिउठ्नु थियो। किनभने इसाई सत्यतामाथि, त्यस पवित्र धरोटमाथि एक हमलामाथि अर्को हमला आइलागेको थियो। अनि महान्-महान् आधारभूत शिक्षाहरू काटछाँट गर्ने विभिन्न कुप्रयासहरू जारी रहेका थिए। यसकारण परमेश्वरका जनहरूले आफ्नो ठहर लिनुपर्‍यो। परमेश्वरको वचन आत्माको प्रेरणाको फल हो; परमेश्वरको वचन त्रुटिरहित र परिपूर्ण हुन्छ; परमेश्वरको पवित्र वचनसँग मानिसहरूमाथि तिनीहरूलाई आज्ञा गर्ने पूरा अधिकार छ; अनि पवित्र बाइबल परमेश्वरको इच्छा जान्न सम्पूर्ण रूपले पर्याप्त हुन्छ। हामी यी बहुमूल्य तथ्यहरूका निम्ति लड़्न सधैं तयार हुनुपर्छ।

संघर्ष त गर्नुपर्छ, तर इसाई पाराले लड़्नुपर्छ। ख्रीष्ट-विश्वासीको बोली र व्यवहारले सधैं परमेश्वरलाई आदर दिनुपर्छ। यस विषयमा प्रेरित पावलले यसो लेखेका छन्ः *'प्रभुको दासले झगड़ा गर्नुहुँदैन, तर उनी सबै मानिसहरूप्रति कोमल, सिकाउनमा सिपालु, सहनशील हुनुपर्छ'* (२ तिमोथी २ः२४)। संघर्ष त गरिन्छ, तर झगड़ा गर्नुहुँदैन। हामीले गवाही दिनुपर्छ, तर आफ्नो गवाही बिगार्नुहुँदैन।

हामीले केको निम्ति संघर्ष गर्नुपर्छ? हामीले पवित्र जनहरूलाई एकैपल्टमा सदाका निम्ति सुम्पिएको विश्वासका निम्ति लड़्नुपर्छ। यसमा याद गर्नुहोस्ः त्यो विश्वास संयोगको फल होइन, तर एकैपल्टमा सधैंका निम्ति त्यो विश्वास हाम्रो जिम्मामा सुम्पिएको छ। यसर्थ पवित्र बाइबलमा त्यसका शिक्षाहरूको समूह पूर्ण भएको छ। यसको कानुन तयार भइसक्यो। यसमा थपथाप गर्नुपर्ने कुनै कुरा पनि रहेन। यस सम्बन्धमा यो भनाइ छः 'कुनै नयाँ शिक्षा सत्य हुनै सक्दैन; किनभने सत्यता नयाँ हुँदै होइन।' यसकारण कुनै शिक्षकले 'मसँग नयाँ प्रकाश छ' भनेर भन्छ भने हामीले परमेश्वरको पवित्र वचन बाइबलको प्रकाशमाथि केही नयाँ प्रकाश थप्न वा बाइबलको प्रकाश नाघ्न खोजेको यो कुरा

सरासर इन्कार गर्छौं। किनकि विश्वास हाम्रो हातमा सुम्पिइसकेको छ। हामीलाई अरू बढ़ी के खाँचो पर्छ? हामीले बाइबलको प्रकाशबाहेक अरू कुनै फाल्टू कुरामाथि ध्यान दिनुपर्दैन। झूटा झुण्डहरूका अगुवाहरूलाई हाम्रो जवाफ यही हो। पवित्र धर्मशास्त्र बाइबलसित बराबर अधिकार र मान्यता पाउन खोज्ने तिनीहरूका किताबहरू तिनीहरूसँगै रहून्! ती किताबहरू हामीलाई चाहिँदै-चाहिँदैन।

**यहूदा १ः४ः** तिनीहरूको हमला कुन प्रकारको छ, सो कुरा यस पदमा प्रकट भएको छः क्रान्तकारी तत्त्वहरू इसाई सङ्गतिभित्र पसेका छन्। *'कति मानिसहरू लुलीछिपी भित्र पसेका छन्।'* यस गुप्त आन्दोलनको चोर्ने र छल्ने दाउ छ।

यी पञ्चमाङ्गीहरू अघिदेखि नै यही दण्डका निम्ति ठहरिएका थिए। के परमेश्वरले यी व्यक्ति विशेषहरूलाई नाश हुनलाई छान्नुभएको थियो, हो र? होइन, यस वाक्यको अर्थ यो होइन। पवित्र बाइबलको शिक्षा स्पष्ट छः परमेश्वरले कसैलाई नष्ट हुनलाई छान्नुहुन्न। परमेश्वरको सर्वाधिकारमा, उहाँको अनुग्रहको धनअनुसार मानिसहरूले मुक्ति पाउँछन्। तर जुन मानिसहरू अन्तिम आएर नाश हुनेछन्, ती मानिसहरूले आफ्नो पाप र अनाज्ञाकारिताको फल भोग्नुपर्नेछ।

यस वाक्यको अर्थ यस प्रकारको छः धर्मत्यागीहरूको दण्ड अघिदेखि निश्चित गरिएको छ। इसाई विश्वास त्याग्न चाहने मानिसहरूले आफूमाथि दण्डको आज्ञा निम्त्याउँछन् – उजाड़स्थानमा विश्वास नगर्ने इस्राएलीहरूले, विद्रोही स्वर्गदूतहरूले, अनि सदोम र गोमराका बासिन्दाहरूले गरेझैं। तिनीहरूको पतन तिनीहरूको पूर्वनियुक्ति होइन। तर तिनीहरूको धर्मत्याग तिनीहरूको स्थायी निर्णय भएपछि तिनीहरूले त्यो सुनिश्चित गरिएको दण्ड भोग्नुपर्छ, जुन दण्ड सबै धर्मत्यागीहरूका निम्ति अघिबाट निर्धारित गरिएको थियो।

भक्तिहीन मानिसहरूका दुईवटा प्रमुख विशेषता यस प्रकारका छन्ः तिनीहरूको भ्रष्ट चाल र तिनीहरूको विकृत शिक्षा। तिनीहरूले आफ्नो व्यवहारमा परमेश्वरको अनुग्रहलाई कामुकतामा परिवर्तन गर्छन्। इसाई

स्वतन्त्रताको अर्थ घुमाउँदा-घुमाउँदै तिनीहरूले त्यो स्वतन्त्रता स्वेच्छाचार र पाप गर्ने स्वतन्त्रता तुल्याउँछन्। इसाई स्वतन्त्रता अरूको सेवा गर्ने स्वतन्त्रता पो हो, तर तिनीहरूले त्यो स्वतन्त्रता पाप गर्ने छुटमा परिणत गर्छन्। अनि तिनीहरूको शिक्षाचाहिँ? *'तिनीहरूले एकमात्र मालिक* [2] *परमेश्वरलाई र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन्।'* उहाँको शासन गर्ने अधिकार के, उहाँको परमेश्वरत्व के, उहाँको त्राणात्मक मृत्यु के, उहाँको बौरिउठाइ के, प्रभु येशूको व्यक्तित्व र कामको सम्बन्धमा कुनचाहिँ शिक्षा, कुनचाहिँ सिद्धान्त तिनीहरूले इन्कार गर्दैनन्? तिनीहरूले प्रभु येशूको सम्बन्धमा सबका सब शिक्षा इन्कार गर्छन्। तिनीहरू आध्यात्मिक क्षेत्रमा चाहिएको भन्दा बढ़ी उदारवादी भएछन्, यति साह्रै उन्मुक्त भएका हुन्छन् कि, तिनीहरू आफ्नो शिक्षामा कटु र छट्टू हुन्छन् र सुसमाचारको घोर विरोध गर्छन्, अँ, ख्रीष्ट येशूको बहुमूल्य रगत छुनदेखि डराउँदैनन् र सरासर त्यसको मूल्य घटाउँछन्; अनि प्रभु येशू मुक्तिको एकमात्र बाटो हुनुहुन्छ भन्ने कुरा तिनीहरूले कहाँ मान्छन् र?

यी मानिसहरू को हुन्? यिनीहरू सुसमाचारका सेवकहरू हुन् अरे। यिनीहरू इसाई-धर्मभित्र अगुवा, धर्मगुरु र पदाधिकारीहरू हुन्। यिनीहरूमध्ये कोही-कोही बिशप पनि हुन्, कोही-कोही मण्डली परिषद्का सदस्यहरू हुन्, कोही-कोही उच्च धर्म-विद्यालय र अध्ययन-गोष्ठीका प्राध्यापकहरू हुन्। तर यिनीहरूमा सर्व-साझा कुरा यही होः यिनीहरूले पवित्र बाइबलका ख्रीष्ट येशूको विरोध गर्छन्। यिनीहरूले आ-आफ्नो स्वादअनुसार आफ्नो उदारवादी[3] 'ख्रीष्ट' वा आफ्नो 'नौलो' शास्त्र-सम्मतरूपी[4] 'ख्रीष्ट' आविष्कार गरेका छन्, जुन प्रकारको ख्रीष्टबाट महिमा, वैभव, गौरव, प्रताप र अधिकार सबका सब खोसिएको छ।

**यहूदा १:५:** यी धर्मत्यागीहरूप्रति परमेश्वरको मनोभाव र मनसाय कस्तो छ? यसको बारेमा कुनै शङ्का छैन। पुरानो नियमको समयमा उहाँले कुनै-कुनै बेलामा त्यो कुरा प्रकट गर्नुभयो। अनि अहिले यहूदाले आफ्नो पाठकवर्गलाई यो कुरा याद दिलाउनलाई पुरानो नियमबाट

तीनवटा उदाहरणहरू निकाल्छन्ः विश्वास नगर्ने इस्राएलीहरू, पाप गर्ने स्वर्गदूतहरू, अनि सदोम र गमोराका बासिन्दाहरू।

आउनुहोस्, हामी यसको पहिलो उदाहरण हेरौंः उजाड़स्थानमा घुमिहिँड्ने इस्राएलीहरू। *'परमप्रभुले मिस्र देशबाट त्यस जातिलाई बचाई निकाल्नुभएपछि उहाँले तिनीहरूलाई नाश गर्नुभयो, जसले विश्वास गरेनन्'* (गन्ती १३:-१४:; १ कोरिन्थी १०:५-१०)। परमेश्वरले इस्राएली जातिलाई कनान देश दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो। अनि यस प्रतिज्ञामा त्यो कनान देश आफ्नो अधिकारमा पार्न तिनीहरूलाई चाहिने शक्तिको प्रबन्ध पनि गरिएको थियो। तर कादेशमा आएर बसेको बेलामा तिनीहरूले जासूसहरूको मुखबाट कनान देशको विषयमा दिइएको खराब खबर ग्रहण गरे, र परमप्रभुको विरोधमा विद्रोह गरे। फलस्वरूप मिस्र देशबाट निस्केर आएका बीस वर्ष र त्योभन्दा बढ़ी उमेर भएका सबै मानिसहरू उजाड़स्थानमा नाश भए; केवल कालेब र यहोशू मात्र नाश भएनन् (हिब्रू ३:१६-१९)।

**यहूदा १:६ः** विद्रोह र धर्मपतनको दोस्रो उदाहरण पाप गर्ने स्वर्गदूतहरू हुन्। तिनीहरूको विषयमा निश्चित रूपले यति जान्न सकिन्छः तिनीहरूले तिनीहरूका निम्ति निर्धारित गरिएका पद र अधिकारको क्षेत्र कायम राखेनन्। तिनीहरूले आफ्नो वासस्थान छोड़े। अनि तिनीहरूको अन्तिम न्याय नभएसम्म तिनीहरू हालैमा अनन्त साङ्लाहरूले बाँधिएको अवस्थामा अन्धकारमनि थुनेर राखिएका छन्।

पवित्र धर्मशास्त्र बाइबलअनुसार स्वर्गदूतहरूको बीचमा कम्तीमा दुईवटा पतनहरू भए। पहिलो पतन लुसिफरको पतन थियो, जुन पतन र विद्रोहमा अरू भीड़ैभीड़ स्वर्गदूतहरू पनि पतित भए। अनि पहिलो पतित भएका ती दूतहरू हालैमा बाँधिएका छैनन्। शैतान र त्यसका दूतहरूले प्रभु र उहाँका पवित्र जनहरूको विरोधमा लड़ाइँ गरिरहेका छन्, र तिनीहरू यस आत्मिक युद्धमा अग्रसर र सक्रिय छन्।

स्वर्गदूतहरूको दोस्रो पतनचाहिँ यहूदाको पत्रमा र पत्रुसको दोस्रो पत्रमा उल्लेख गरिएको छ (२ पत्रुस २:४)। यहाँ उल्लेख गरिएको

घटनाको विषयमा बाइबल-विद्यार्थीहरूको बीचमा एकमत छैन, तर तिनीहरूमा विभिन्न रायहरू छन्। अनि जुन कुरा हामी यहाँ लेख्छौं, यो हाम्रो व्यक्तिगत दृष्टिकोण हो; यसमा कुनै सैद्धान्तिक किटान वा तथ्यको कुरा छैन।

हाम्रो विश्वास के छ भने, यहूदाले आफ्नो पत्रको सन्दर्भ उत्पत्ति ६:१-७ पदको खण्डसित जोड़ेका छन्। परमेश्वरका छोराहरूले स्वर्गदूतको स्तर भएको आफ्नो ओहदा छोड़े, र मानिसको रूपमा तिनीहरू तल पृथ्वीमा आए। अनि तिनीहरूले मानिसहरूका छोरीहरूलाई विवाह गरे। यस प्रकारको विवाहको सम्बन्ध परमेश्वरको व्यवस्थाको विपरीत थियो; त्यो उहाँको निम्ति घृणित कुरा थियो। अनि उत्पत्ति ६:४ पद-अनुसार यी अस्वाभाविक विवाहका सम्बन्धहरूबाट सन्तानहरू जन्मे, जुन सन्तानहरूको बल र दुष्टता ठूलो थियो। यो एउटा अनुमान मात्र हो। तर यस सिलसिलामा एउटा कुरा निश्चित छः मानिसहरूको दुष्टता देखेर परमेश्वर अति दुःखी हुनुभयो, र उहाँले पृथ्वीलाई जलप्रलयद्वारा नष्ट गर्ने अठोट गर्नुभयो।

यस प्रकारको धारणा नकार्ने निम्न कुराहरू छन्: क) उत्पत्तिको खण्डमा स्वर्गदूतहरूको एउटै शब्द छैन, तर परमेश्वरका छोराहरूको कुरा लेखिएको छ। ख) स्वर्गदूतहरूको लिङ्ग हुँदैन। ग) स्वर्गदूतहरूले विवाह गर्दैनन्।

हो, स्वर्गदूतहरू भन्ने शब्द उत्पत्तिको यस खण्डमा प्रयोग गरिएको छैन। तर अय्यूब १:६ र २:१ पदहरूमा स्वर्गदूतहरूलाई 'परमेश्वरका छोराहरू' भन्ने नाम दिइएको छ। यो शेमका सन्तानहरूका भाषाहरू-अनुसारको प्रयोग हो।

अनि पवित्र बाइबल स्वर्गदूतहरूको लिङ्गको विषयमा चुप लागेको छ। स्वर्गदूतहरू घरिघरि मानिसको रूपमा देखा परे। तिनीहरूसँग मानिसको शरीरका अङ्ग-प्रत्यङ्गहरू थिए; तिनीहरूलाई मानिसलाई जस्तै भोक-तिर्खा लाग्थ्यो (उत्पत्ति १८:२ र २२, अनि उत्पत्ति १९:१, ३-५)।

स्वर्गदूतहरूले विवाह गर्दैनन् भन्ने कुरा बाइबलमा लेखिएको छैन; तर तिनीहरूले स्वर्गमा विवाह गर्दैनन् (मत्ती २२:३०)।

कुन ऐतिहासिक घटना खास यहूदा १ः६ पदको सन्दर्भ थियो, त्यो कुरा यतिमै राखौं ! मुख्य कुरा के हो भने, ती स्वर्गदूतहरूले परमेश्वरले तिनीहरूका निम्ति निर्धारित गर्नुभएको अधिकार-क्षेत्र छोड़िहाले। अनि हालैमा तिनीहरू साङ्लाहरूले बाँधिएको अवस्थामा अन्धकारमनि राखिएका छन्, जहाँ तिनीहरूले त्यो दिन पर्खिरहेका छन्, जुन दिनमा तिनीहरूले तिनीहरूको अनन्त विनाश सुनिश्चित गरिने दण्डको आज्ञा सुन्न पाउनेछन्।

**यहूदा १ः७ः** अनि धर्मपतनको सिलसिलामा यहूदाले पुरानो नियमको तेस्रो उदाहरण पेश गर्छन्ः सदोम र गमोरा शहरहरू अनि तिनको वरिपरिका शहरहरूका बासिन्दाहरू (उत्पत्ति १८ः१६-१९ः२९)। 'जसरी ...' भन्ने शुरुको शब्दले के सङ्केत गर्छ भने, सदोमका बासिन्दाहरूको पाप र यी स्वर्गदूतहरूको पाप उस्तै-उस्तै भएको थियो। तिनीहरूको घोर व्यभिचारचाहिँ पूरा अस्वाभाविक थियो र त्यस ठूलो अधर्मले परमेश्वरको घृणा उठाइदियो।

यस पापको परिभाषा रोमी १ः२६-२७ पदको खण्डमा यसरी दिइएको छः *'किनकि तिनीहरूका स्त्रीहरूले पनि स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारसित साटे; अनि त्यही प्रकारले पुरुषहरूले पनि स्त्रीहरूसितको स्वाभाविक व्यवहार त्यागेर पुरुषहरूले पुरुषहरूसितै शर्मलाग्दो काम गर्दै एक-अर्काप्रति आफ्नो कामुकताले जले र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफैमाथि ल्याए।'* सदोम, गमोरा, अद्मा र सबोयीमका बासिन्दाहरू समलिङ्गगमनमा पूरा लीन भएका थिए। यस पापलाई यहूदाको पत्रमा 'अर्कै शरीरको पछि लाग्नु' भनिएको छ, जसको अर्थ होः यो कुरा परमेश्वरले ठहराउनुभएको प्राकृतिक नियमको पूरा विपरीत हुने कुकर्म हो।

वर्तमान समयका धेरै धर्मत्यागीहरू समलिङ्गगमनका सार्वजनिक समर्थकहरूको पक्ष लिएर त्यसमा अग्रसर भएको कुरा संयोगको फल नहोला। जब एक-अर्कामा सहमत भएका प्रौढ़हरूले समलिङ्गगमन गर्छन्, तब यो कुकर्म वैध र कानुनी तुल्याउन तिनीहरूले धावा निकाल्छन्।

तर सबै यस्ता व्यभिचारीहरूका निम्ति सदोम र गमोरा शहरहरूका बासिन्दाहरू प्रत्यक्ष नमुना भएका छन्; किनभने तिनीहरूले अनन्त आगोको बदला भोगे। आउनुहोस्, अनन्त आगोको कुरामा हामी एकक्षण ध्यान दिऔं ! यी दुष्ट शहरहरूका मानिसहरूलाई नष्ट गर्ने आगोलाई यहाँ आनन्त आगो भनिएको छ, किन होला ? त्यो आगो यति विशाल थियो र त्यसको भस्म पार्ने शक्ति यति विघ्न थियो, कि त्यसले अनन्त विनाशको चित्रण गर्छ, जुन विनाश एकदिन सबै विद्रोहीहरूमाथि आइपर्नेछन्।

**यहूदा १:८ः** अबचाहिँ यहूदा आफ्नो जमानाका धर्मत्यागीहरूकहाँ फर्कर आउँछन्। तिनले यिनीहरूका पापहरूको बेलीबिस्तार गर्छन्, यिनीहरूको आरोप के हो, सो बताउँछन्, प्रकृतिबाट यिनीहरूसँग मिल्ने प्रतिरूपहरू निकाल्छन्, यिनीहरूको विनाशको वर्णन गर्छन् र अन्तमा यिनीहरूका भक्तिहीन शब्द र कामहरूको सूचि दिन्छन् (यहूदा १:८-१६)।

शुरुमा तिनले यिनीहरूका पापहरूको बेलीबिस्तार गर्छन्। सपना देख्दा-देख्दै यिनीहरूले आफ्नो शरीरलाई अशुद्ध पार्छन्। यिनीहरूको विचारको धारा दूषित छ। अशुद्ध र अश्लील कल्पनाहरूको संसारमा जिएर अन्तमा यिनीहरूले आफ्ना अशुद्ध कल्पनाहरू पूरा गरेर छोड्छन् र सदोमका बासिन्दाहरूले गरेझैं यिनीहरू व्यभिचार गर्न पुग्छन्।

*'यिनीहरूले प्रभुत्वलाई तुच्छ ठान्छन्।'* यिनीहरूले जुनै शासन-सत्तालाई पनि इन्कार गर्छन्। यिनीहरू परमेश्वरको विरोधमा विद्रोह गर्छन्, यिनीहरूले सरकारी संस्था र कार्यकर्ताहरूको विरोधमा विद्रोह गर्छन्। अराजकता, जोरजुलुम र अव्यवस्थाका प्रस्तावक यिनीहरू हुन्। सरकारलाई ढाल्न खोज्ने संस्थाहरूका सदस्यहरूको नामसूचिमा यिनी-हरूका नामहरू समावेश हुन्छन्-हुन्छन्।

*'यिनीहरूले उच्च पदाधिकारीहरूको निन्दा गर्छन्।' 'कुनै अधिकारी नै छैन, जो परमेश्वरबाटको होइन; अनि जति अधिकारीहरू छन्, ती सबै अधिकारीहरू परमेश्वरद्वारा नियुक्त गरिएका छन्'* भन्ने कुरा रोमी १३:१ पदमा लेखिएको कुरा यिनीहरूलाई के वास्ता ? *'अनि आफ्ना जनहरूको*

*शासकलाई सराप्नुहुँदैन'* भन्ने ईश्वरीय आज्ञा यिनीहरूले अवहेलना गर्छन् (प्रस्थान २२:२८)। त्यो अधिकार परमेश्वरको होस्, स्वर्गदूतको वा मानिसको किन नहोस्; त्यो अधिकार जेसुकै र जुनसुकै होस्, यिनीहरूले त्यसको अपमान गर्छन् र त्यसको द्वेषपूर्ण निन्दा गर्छन्।

**यहूदा १:९:** यस सम्बन्धमा यिनीहरू यति छाड़ा हुन्छन्; तर प्रधान स्वर्गदूत मिकाएलले यसो गर्ने साहस गरेनन्। *'जब तिनले मोशाको मृत्-शरीरको विषयमा शैतानसित वादविवाद गर्दैथिए, तब तिनले त्यसको विरोधमा कुनै निन्दापूर्ण दोष लगाउने साहस गरेनन्, तर तिनले भनेः "परमप्रभुले तँलाई हपारून् !"'* यहाँ यहूदाले एउटा घटनाको विषयमा कुरा गर्छन्, जुन घटना पवित्र बाइबलमा लेखिएको छैन। तब 'तिनले यस जानकारी कहाँबाट पाए' भन्ने प्रश्न उठ्छ; यो स्वाभाविक कुरा हो।

यसको विषयमा कतिको भनाइ छ, कि यो जानकारी एक पुस्तादेखि अर्को पुस्तामा आएको परम्पराको फल हो। यो सम्भव छ; तर यो नहुन पनि सक्छ।

तर हामीलाई सन्तुष्ट पार्ने सबैभन्दा राम्रो स्पष्टीकरण यही होलाः यो जानकारी यहूदालाई पवित्र आत्माको अलौकिक प्रकाशबाट मिलेको हुनुपर्छ; किनभने उही पवित्र आत्माले तिनलाई यो पत्र लेख्ने प्रेरणा दिनुभएको हो।

मिकाएल र शैतानको बीचमा मोशाको मृत्-शरीरको विषयमा किन वादविवाद चलेको थियो, यसको खास कारण के थियो, सो हामीलाई थाहा छैन। तर परमेश्वरले मोशालाई मोआबको बेंसीमा गाड्नुभएको कुरा हामी जान्दछौं। शायद शैतानले मोशाको चिहान भएको ठाउँ यस हेतुले जान्न चाहेको थियो, कि त्यसले त्यहाँ एउटा तीर्थ-मन्दिर खड़ा गर्न सकोस्। यसो भयो भने इस्राएलीहरू त्यहाँ आएर मोशाका हाड़हरूको पूजा गर्नेथिए र मूर्तिपूजाको पापमा फस्नेथिए। मिकाएलचाहिँ इस्राएली जातिको पक्ष लिने प्रधान स्वर्गदूत थिए (दानियल १०:२१)। यसकारण तिनले इस्राएली जातिलाई यस प्रकारको मूर्तिपूजाबाट जोगाउन खोजेर मोशाको चिहान गुप्त राख्न चाहे। यो मेरो अनुमान हो।

तर यसको मुख्य कुरा के हो ? मिकाएल ती प्रधान स्वर्गदूत हुन्, जसलाई परमेश्वरले शैतानलाई स्वर्गबाट निकालेर पृथ्वीमाथि फ्याँक्ने काममा लगाउनुहुनेछ (प्रकाश १२ः७-९)। यस्ता महान् प्रधान स्वर्गदूतले पनि शैतानको विरोधमा बोल्ने साहस गरेनन्, जुन शैतानचाहिँ दुष्ट आत्माहरूमाथिको शासक थियो। तर तिनले शैतानलाई हपार्ने काम परमेश्वरको हातमा छोड़िदिए।

**यहूदा १ः१०ः** यी हठी र दुःसाहसी धर्मत्यागीहरूले ती कुराहरूको पनि निन्दा गर्छन्, जुन कुराहरूको विषयमा तिनीहरूले केही पनि जान्दैनन्। जुनै पनि सुव्यवस्थित समाजमा अधिकारीहरू हुनुपर्छ, जसको अधीनतामा जनता बस्नुपर्छ भन्ने कुरा यिनीहरूलाई के थाहा ? यस अज्ञानताको अवस्थामा आफ्नो आवेगमा उर्लेर आएका र आफ्नो अक्कड़ चढ़ेकाहरूले घमण्डसाथ विद्रोह मच्चाउँछन्।

तर स्वाभाविक अभिरुचिहरू र शारीरिक अभिलाषाहरू पूरा गर्नुमा यिनीहरूको सीप बढ़ी छ। विवेकहीन पशुहरूले जस्तै बेहोसी भई यिनीहरूले आफूलाई सम्भोगमा छोड़िदिन्छन्। यसको सिलसिलामा यिनीहरूले आफूलाई पूरा भ्रष्ट पार्छन्, र नष्ट हुन्छन्।

**यहूदा १ः११ः** 'यिनीहरूलाई धिक्कार !' भनेर यिनीहरूमाथि गजबले आरोपको डङ्क मारियो। यिनीहरूको हठी, अटेरी हृदय छ, जसले कुनै हालतमा पनि पश्चात्ताप गर्न मान्दैन। यसकारण परमेश्वरको धर्ममय न्याय प्रकट हुने दिनका निम्ति यिनीहरूले आफ्ना निम्ति क्रोध थुपारिरहेका छन् (रोमी २ः५)।

यिनीहरूको पतनको प्रगति झन्-झन् छिटो हुँदै जान्छ। पहिले यिनीहरू कयिनको बाटोमा लागे। त्यसपछि यिनीहरू साह्रै लोभी भएर बालामको भ्रममा फसे। अन्तमा यिनीहरू कोरहको विद्रोहमा नष्ट भए। भ्रम र धर्मपतन सधैं निश्चल बस्दैन, एकनास रहँदैन, तर भुमरीमा परेजस्तै त्यसले मानिसहरूलाई तल, झन् तल तान्छ। यिनीहरूले मानिसहरूलाई गड़बड़ र हड़बड़को साथ भीरको डिलमा पुर्‍याउँछन्, त्यसपछि तिनीहरूलाई नाश गर्न ठेलेर त्यहाँबाट तल फाल्छन्।

कयिनको बाटो भन्नाले बलिदानको रगतद्वारा हुने मुक्तिको शिक्षा सरासर इन्कार गर्नु हो (उत्पत्ति ४ः)। योचाहिँ धर्मकर्म गरेर परमेश्वरलाई खुशी पार्ने एउटा मानवीय प्रयास हो। यस विषयमा श्री सी. एच. म्याकिन्तोशले यसो भनेका छन्ः 'परमेश्वरले तयार गर्नुभएको शुद्ध पार्ने उपाय इन्कार गरेर त्यसको सट्टामा मानिसले आफ्नो परिस्थितिमा सुधार ल्याउन खोज्ने प्रयासचाहिँ कयिनको बाटो भनिन्छ।' निस्सन्देह, आफ्नो प्रयासमाथि भार पर्ने मानिस अनुग्रहलाई र अनुग्रह ल्याउने साधन-हरूलाई घृणा गर्न पुग्छ-पुग्छ। अनि यो घृणा सतावटमा पोखिन्छ र अन्तमा हत्यामा टुङ्गिन्छ (१ यूहन्ना ३ः१५)।

बालामको भ्रम के हो? यो त परमेश्वरको सेवा त्यसबाट व्यक्तिगत नाफा खाने व्यापारको धन्दा र कमाइको भाँड़ा तुल्याउनु हो। बालामले परमेश्वरको वक्ता हुँ भन्थ्यो, तर वास्तवमा त्यो एक लोभी मानिस थियो, जसले आफ्नो भविष्यवाणी बोल्ने वरदान बेप्रयोग गरेर त्यसलाई पैसा कमाउने माध्यम पो तुल्यायो (गन्ती २२ः-२४ः)। मोआबका राजा बालाकले इस्राएलीहरूलाई सराप्न बालामलाई पाँच पल्ट पैसा दिए। अनि बालाम यसो गर्न हरदम तयार थियो; तर परमेश्वरले त्यसलाई रोकेर त्यसलाई यसो गर्न दिनुभएन। त्यसले कहेको कुरा प्रायः साँचो थियो, र त्यसले बोलेको शब्द साह्रै मीठो थियो। तरैपनि त्यो ज्यालामा काम गर्ने एक भरौटे अगमवक्ता थियो। त्यसले इस्राएलीहरूलाई सराप्न पाएन; तर अन्तमा मोआबका छोरीहरू लिएर इस्राएलीहरूलाई पापमा फसाउन त्यो सफल भयो (गन्ती २५ः१-५)।

वर्तमान झूटा शिक्षकहरूको बोली बालामको जस्तै मीठो र तिनी-हरूको शब्द पत्यारलाग्दो छ। तिनीहरू दुईजिभ्रे हुन्छन्, र कसैलाई एउटा कुरा, कसैलाई अर्को कुरा भनेर आफ्नो निम्ति सबै कुराहरू ठिक्क पार्न सिपालु हुन्छन्। आफ्नो आमदानी बढ़ाउनलाई तिनीहरूले सत्यतामा घुम्टो लगाइदिन्छन्। तिनीहरू खूबै पैसाका लोभी छन्; तिनीहरूले परमेश्वरको घर व्यापारको केन्द्र तुल्याउँछन्। यो तिनीहरूको विषयमा भन्नुपर्ने मुख्य कुरा हो।

इसाई-धर्म धर्मविक्रयको पापले खमिरी भएको छ। कुनै कारणवश नाफाखोरीको बाटो बन्द हुँदो हो त प्रभुको सेवाको नाम बोक्ने धेरैजसो क्रियाकलापहरू पनि तत्कालै बन्द हुनेथियो। यस सम्बन्धमा श्री सी. ए. कोट्सले निम्न चेताउनी दिएका छन्ः

> 'मानिसको स्वभाव साह्रै नीच छ; किनकि त्यसले परमेश्वरका कुराहरूबाट आफ्नो लागि फाइदा उठाउँछ। परमेश्वरका कुराहरू लिएर आफ्नो फाइदा खोज्नु – योभन्दा नीच केही पनि हुँदैन। अनि प्रभुसँग यस नीच कुरालाई सुहाउँदो दण्डको आज्ञा तयार छँदैछ। अनि इसाई-धर्मभरि यस प्रकारको नीचता पाइन्छ; अनि हामी होशियार भएनौं भने यस प्रकारको तुच्छ भावना हामीमा पनि आउन सक्छ।' [5)]

यहूदाले यी भूटा शिक्षकहरूको विषयमा 'यिनीहरूलाई हाय' भनेको तेस्रो कारण यस प्रकारको छः यिनीहरू कोरहको विद्रोहमा नाश भए। दातान र अबिरामको साथमा कोरहले मोशा र हारूनको नेतृत्वको विरोध गरे र पूजाहारीको पदमाथि हात हाल्न खोजे (गन्ती १६ः)। यसो गरेर तिनीहरूले वास्तवमा परमप्रभुलाई लात हाने। तिनीहरू पराधीनतामा बस्न नसकेको हुनाले धरतीले आफ्नो मुख खोलेर तिनीहरूलाई निल्यो। यसरी नै परमेश्वरले तिनीहरूको विद्रोहप्रति आफ्नो ठूलो बेखुशी प्रकट गर्नुभयो; किनभने तिनीहरूले यी मानिसहरूको विरोधमा विद्रोह गरे, जुन मानिसहरूलाई परमेश्वरले आफ्ना प्रतिनिधिहरूको रूपमा नियुक्त गर्नुभयो।

**यहूदा १ः१२ः** त्यसपछि यहूदाले यी धर्मत्यागीहरूको स्वभाव केकस्तो छ र यिनीहरूको अन्त कसरी हुने हो, सो कुरा स्पष्ट पार्न प्रकृति-जगत्‌बाट पाँचवटा चित्रणहरू लिएर यहाँ प्रस्तुत गर्छन्। श्री जेम्स मोफ्फटले यसो भनेका छन्ः 'आकाश, जल र थल छिचोलेर लेखकले यहाँ उचित उदाहरणहरू खोजेर यी मानिसहरूको दुःचरित्रको नक्सा कोर्न चाहे।'

इसाई प्रेमभोजहरूमा[6)] यिनीहरू कलङ्कहरू थिए। किनभने शुरुका विश्वासीहरूले प्रभुभोजको साथमा प्रीतिभोजहरू पनि आयोजना गर्ने

गर्थे। यी मानिसहरू न परमेश्वरको भय मान्छन्, न मानिसहरूदेखि डराउँछन्। यिनीहरूलाई बगालको के वास्ता? यिनीहरूले आफ्नो मात्र मतलब राख्छन्। इसाई विश्वासलाई जसोतसो कलङ्कित पार्न यिनीहरूले सकेसम्म धेरैलाई आफ्नो फकाउरीमा लाग्ने पार्न चाहन्छन्।

यिनीहरू पानीविनाका बादलहरू हुन्। खड़ेरी लागेको जमिनलाई ताजा पार्ने प्रतिज्ञा बोकेर आउने यी बादलहरू हुरीबतासद्वारा हुत्त्याई लगिन्छन्[7)], र आफ्नो पछाड़ि निराश र हताश भएकाहरूलाई छोड़िदिन्छन्।

यिनीहरू पातहरू र फलहरूविनाका नाङ्गे रूखहरू हुन् – यी दुईपल्ट मरेका रूखहरू। दुईपल्ट मर्नुको अर्थ 'पूरै मरेको' हुन सक्छ अथवा यी रूखको सम्बन्धमा जरा पनि र हाँगाहरू पनि सुकेको अर्थ लिन सक्छ। अनि यी रूखहरू जरैसँग उखालिएका छन्। यसकारण एउटा प्रचण्ड हुरीबतासले यी रूखहरू ठुटै पनि नरहने गरी उखालेको हुनुपर्छ, नत्र ती ठुटाबाट यी रूखहरू फेरि पल्हाउन र बढ़्न सक्नेथिए।

**यहूदा १:१३:** यिनीहरू समुद्रका उर्लिरहेका छालहरू हुन्, जुन प्रचण्ड र उन्मत्त छालहरूलाई नियन्त्रण गर्न सकिँदैन। यी छालहरूले हल्लाखल्ला र हलचल त गर्छन्, तर आफ्ना शर्मशर्मैले युक्त फींज उगेल्नुबाहेक यिनीहरूले केको तमाशा गरेको? जुन कुराहरूको विषयमा यिनीहरूलाई पूरा शर्म र लाज लाग्नुपर्नेथियो, ती कुराहरूमा यिनीहरूले गर्व गर्छन्। यी छालहरू पार गइसकेर आफ्नो पछाड़ि फेदटुप्पा हुने र कामलाग्ने कुनै कुरा छोड़्दैनन्।

अन्तमा यिनीहरू *'बाटो बिराउने ताराहरू हुन्, जसका निम्ति घोर अन्धकार सदा-सर्वदाका निम्ति साँचेर राखिएको छ।'* बाटो बिराउने ताराहरू आ-आफ्नो निर्धारित ग्रहपथमा हिँड़्दैनन्। जहाज र बिमानहरूको सञ्चालनको निम्ति यिनीहरू केही कामका हुँदैनन्। योचाहिँ झूटा शिक्षकहरूको निम्ति कति उपयोगी र सुहाउँदो परिभाषा हो!! यी धार्मिक उल्काहरू, यी धूमकेतुहरू, यी पुच्छ्रेताराहरूबाट आत्मिक अगुवाइ र मार्गदर्शन पाउनु असम्भव छ, जसले एकैक्षणको लागि मात्र उज्ज्वल

चहक-चमक दिन्छन्, त्यसपछि सधैंका निम्ति अन्धकारभित्र हराइ-जान्छन्, आतसबाजी रॉकेटहरूजस्तै ।

**यहूदा १:१४:** हनोकले यी धर्मत्यागीहरूको अन्तको विषयमा भविष्यवाणी गरेका थिए, जुन हनोकचाहिँ आदमदेखि सातौं पुस्ताको मानिस थिए। उनको भविष्यवाणी हामीले यहूदाको पत्रमा मात्र पढ्न पाउँछौं। कतिजनाको विचारअनुसार यो भविष्यवाणी हनोक नामक पुस्तकबाट उद्धृत गरिएको छ अरे। हनोकको पुस्तकचाहिँ अप्रमाणिक, कानुनको योग्य पारित नभएको एउटा ग्रन्थ हो। तर यहूदाको पत्र लेख्ने बेलामा यस प्रकारको जालसाजी पुस्तक थियो भन्ने प्रमाण खोइ, कहाँ छ? यस सिलसिलामा श्री विलियम केल्लीले यसो भनेका छन्ः

> 'हनोकको पुस्तकचाहिँ यरूशलेमको विनाशपछि लेखिएको पुस्तक हो। यसका निम्ति थुप्रै सङ्केतहरू पाइन्छन्। तर यहूदाको पत्र त्यस घटनाभन्दा अगाड़ि लेखिएको थियो। हनोकको पुस्तक लेख्ने लेखक एकजना उल्लासी यहूदी मानिस थिए, जसले परमेश्वर यहूदीहरूको पक्ष लिनुहुने र उनीहरूका निम्ति लड्नुहुने आशा गरेका थिए।' [8)]

यहूदाले यस प्राचीन भविष्यवाणीको जानकारी कसरी पाए, सो हामी जान्दैनौं। तर यसको विषयमा सरल, विश्वसनीय स्पष्टीकरण यो होः पवित्र आत्माले तिनलाई यसको प्रकाश दिनुभयो, जसरी उहाँले तिनलाई यस पत्रको सबै कुरा लेख्ने अगुवाइ र प्रेरणा दिनुभयो।

हनोकको भविष्यवाणी यस प्रकारले शुरु गर्छः *'हेर, प्रभु आफ्ना हजारौंहजार पवित्र जनहरूको साथमा आउनुहुन्छ* [9)] *।'* उनको यो भविष्य-वाणी प्रभु येशूको दोस्रो आगमनमा आंशिक, प्रारम्भिक रूपले पूरा हुनेछ; किनभने सङ्कष्टकाल बितेपछि प्रभु येशू यस पृथ्वीमा फर्केर आउनुहुनेछ, र आफ्ना शत्रुहरूलाई नाश गरेर उहाँले राजाको रूपमा राज्य गर्न थाल्नुहुनेछ। अनि यो उपरोक्त भविष्यवाणी हजार वर्षको राज्यको अन्तमा पूरा रूपले पूरा हुनेछ, जब ठूलो, सेतो सिंहासनको सामु सबै मरेका दुष्ट मानिसहरूको न्याय हुनेछ।

**यहूदा १ः१५ः** ख्रीष्ट येशू सबैको न्याय गर्न आउनुहुन्छ। यहाँ सबैको न्याय भन्नाले सबै भक्तिहीन मानिसहरूको न्याय बुभिन्छ। पदको बाँकी भागबाट यो कुरा स्पष्ट हुन्छ। साँचो विश्वासीहरू तिनीहरूको गन्तीमा आउँदैनन्। ख्रीष्ट येशूमाथि राखिएको विश्वासले गर्दा उनीहरू न्यायबाट उन्मुक्त भएका छन्, जसरी यूहन्ना ५ः२४ पदमा यसरी प्रतिज्ञा गरिएको छः

*'साँचो-साँचो म तिमीहरूलाई भन्दछुः जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, उससँग अनन्त जीवन हुन्छ, र ऊ न्यायमा पर्नेछैन, तर ऊ मृत्युबाट जीवनमा सरिसकेको हुन्छ।'*

मानिसको पुत्र येशूको हातमा सबैको न्याय सुम्पिएको छ। प्रभु येशूले मानिसहरूको बीचमा भएका सबै भक्तिहीन मानिसहरूलाई, तिनीहरूले भक्तिहीन भएर गरेका तिनीहरूका सबै भक्तिहीन कामहरूको विषयमा र भक्तिहीन पापीहरूले उहाँको विरोधमा बोलेका तिनीहरूका सबै कठोर वचनहरूको विषयमा दोषी ठहराउनुहुनेछ।

यस एउटै पदमा भक्तिहीन भन्ने शब्द चार पल्ट प्रयोग गरिएको छ। ती मानिसहरू भक्तिहीन छन्, तिनीहरूका कामहरू भक्तिहीन छन्, तिनीहरूले गरेका कामहरूको तरिका भक्तिहीन छ, र तिनीहरूको भक्तिहीनता तिनीहरूले प्रभुको विरोधमा बोलेका निन्दाका शब्दहरूबाट अभ्र पनि प्रकट भएको छ। उहाँले तिनीहरूलाई आफ्नो सारा भक्तिहीनताको विषयमा यति साह्रै दोषी ठहराउनुहुनेछ, कि तिनीहरू कयाल हुनेछन्। तिनीहरूले आफ्नो दोषको विषयमा पूरा अफसोस मान्नेछन्, साबित हुनेछन्। तर उहाँको कायल पार्ने काम यतिमा सीमित रहनेछैन। तिनीहरूलाई तिनीहरूको दोष देखाइसक्नुभएपछि उहाँले तिनीहरूमाथि दण्डको आज्ञाको साथमा न्यायको फैसला पनि घोषणा गर्नुहुनेछ।

**यहूदा १ः१६ः** अब यी भक्तिहीन मानिसहरूका शब्द र कामहरूको बेलीबिस्तार गरिन्छ। यिनीहरू गनगन गर्नेहरू हुन्, जसले परमेश्वरका कृपाहरूको बारेमा आफ्नो अभार व्यक्त गर्नुपर्नेथियो, तर यसो नगरेर यिनीहरूले उहाँका पूर्वप्रबन्धहरूको विषयमा गुनासो गर्छन्। परमेश्वरले

यस प्रकारको गनगन कति घृणा गर्नुहुन्छ, सो कुरा इस्राएलीहरूबाट स्पष्ट बुझिन्छ; किनभने उहाँले तिनीहरूलाई उजाड़स्थानमा तिनीहरूले गनगन गरेको उचित दण्ड दिनुभयो।

यी गनगन गर्नेहरूले प्रभुमा सधैं कुनै न कुनै गल्ती भेट्टाइहाल्छन्। 'उहाँले संसारमा लड़ाइँहरू र दुःखहरू किन हुन दिनुभएको? उहाँले सबै प्रकारको सामाजिक अन्यायको अन्त किन नगर्नुभएको? उहाँ सर्व-शक्तिमान् परमेश्वर हुनुहुन्छ भने उहाँले यस संसारमा भइरहेको गड़बड़ बेथिति किन सुधार्नुहुन्न?' अनि यिनीहरूले परमेश्वरका जनहरूमा पनि दोष भेट्टाउँछन्। तिनीहरूको विचारमा, उनीहरूको विश्वास र मन साँघुरो हुन्छ; उनीहरूको व्यवहार अतिनैतिक छ।

यिनीहरू विलासी मानिसहरू हुन्, जसले शरीरका अभिलाषाहरू पूरा गर्नुमा आनन्द पाउँछन्। सम्भोगको क्षेत्रमा खुकुलो र उन्मुक्त हुने पक्षमा आवाज उठाउनुमा यिनीहरू अग्रसर हुन्छन्।

आम्मै, यिनीहरूको अहमले पूर्ण बोली कस्तो छ नि! त्यसले कसको ध्यान आकर्षण गर्दैन र? राजनीति, अर्थनीति र समाजका उग्रवादी चरमपन्थहरूको समर्थन गरेको यिनीहरूको धक्का लाग्ने व्यवहारले घरिघरि मुख्य समाचारहरू ओगटेको छ। सरम पचाएका यी दुःसाहसी-हरूले आधारभूत इसाई शिक्षा-सिद्धान्तहरू खुला रूपले परित्याग गर्छन् र निश्चयतापूर्वक 'परमेश्वरचाहिँ मुर्दा हुनुहुन्छ' भन्छन्। यिनीहरू उदार-वादी धर्मविज्ञानीहरूको बीचमा पनि कुख्याति प्राप्त मानिसहरू हुन्।

अन्तमा, यिनीहरू खुसामद गर्नुमा साह्रै पोख्त हुन्छन्। खुसामद गरेर यिनीहरूले निक्कै अनुयायीहरूलाई आफ्नो पछि बटुल्छन्। अनि खुसामद यिनीहरूको सुखद आयको स्रोत बनेको छ।

यहाँ धर्मत्यागीहरूको विषयमा कोरिएको नक्सा एकदम सही र सठीक छ। अनि प्रायः दिन प्रतिदिन संसारका विभिन्न समाचार-मेडियाले यो कुरा पुष्टि गर्दैछन्।

## ग) यहूदा १:१७-२३: धर्मपतन भएको समयमा ख्रीष्ट-विश्वासीहरूले खेल्नुपर्ने भूमिका

**यहूदा १:१७:** यहूदाले धर्मत्यागीहरूबाट आफ्नो मुख फर्काउँछन् र भरौटे गोठालाहरूको बीचमा ख्रीष्ट-विश्वासीहरूको भूमिका के हो, सो कुरामाथि ध्यान दिन्छन्। आउन लागेको खतरा र सङ्कटको विषयमा उनीहरूलाई अघिबाट पूर्वजानकारी र चेताउनी दिइएको थियो। त्यसको विषयमा उनीहरूलाई सम्झाएपछि तिनले उनीहरूलाई उत्साह दिएर के भन्छन् भने, उनीहरूले आफ्नो आत्मिक अवस्थामा कमजोर हुनुहुँदैन, तर आफ्नो आत्मिक जीवन खूबै बलियो हुने गरी कायम राख्नुपर्छ। अन्तमा, तिनले उनीहरूलाई उनीहरूले धर्मत्यागीहरूको जालझेलमा परेकाहरूको बीचमा होशियारसाथ र विवेकशील सेवा गर्नुपर्छ भन्ने सल्लाह दिन्छन्।

प्रभुका प्रेरितहरूले झूटा शिक्षकहरूको उत्थानको विषयमा भविष्य-वाणी गरे। प्रेरित पावलको सेवकाइबाट यो स्पष्ट देखिन्छ (प्रेरित २०:२९-३०; १ तिमोथी ४:१-४; २ तिमोथी ३:१-९)। अनि प्रेरित पत्रुसले पनि यसो गरे (२ पत्रुस २:१-२२, ३:१-४)। अनि प्रेरित यूहन्नाले पनि झूटा शिक्षकहरूको बारेमा पूर्वजानकारी दिए (१ यूहन्ना २:१८-१९)।

**यहूदा १:१८-१९:** झूटा शिक्षकहरूको सम्बन्धमा प्ररितहरूको सन्देशको मुख्य बुँदा यो थियो: *'अन्तिम समयमा गिल्ला गर्नेहरू देखा पर्नेछन्, जो आफ्ना भक्तिहीन अभिलाषाहरूको पछि-पछि लाग्नेछन्।'*

प्रभुका प्रेरितहरूको यस साक्षीमा यहूदाले आफ्नो स्पष्टीकरण थपेर यी गिल्ला गर्नेहरूको चरित्रको विषयमा यिनीहरूलाई चिनाउने तीनवटा विशेषताहरू के-के हुन्, सो बताउँछन्। यिनीहरू विलासी अर्थात् स्वाभाविक हुन्छन्; यी मानिसहरूको स्वभाव आदमका सन्तानको स्वभाव भएको हुनाले यिनीहरूको सोचाइ र काम-गराइ त्यस स्वभावअनुसार हुन्छ। यिनीहरूले आफूलाई अरूबाट अलग राख्छन्; यिनीहरू दलबन्दी

हुन्छन् । यिनीहरूले आ-आफ्नो पतित अवस्था र अहित सिद्धान्तअनुसार भिन्न-भिन्न दलहरू बाँध्छन् र अनुयायीहरूलाई बटुल्छन् । यिनीहरूसँग पवित्र आत्मा हुनुहुन्न । यिनीहरूले माथिबाट नयाँ जन्म पाएका छैनन्; यसकारण परमेश्वरका कामकुराहरू बुझ्ने यिनीहरूको क्षमता हुँदैन ।

**यहूदा १:२०:** निस्सन्देह, ख्रीष्ट-विश्वासीहरूसँग एउटा उपाय छ । जब उनीहरू प्रभुको नजिकै, उहाँको अटुट सङ्गतिमा जिउँछन्, तब उनीहरू कुशल हुन्छन् । तर प्रभुसितको अटुट सङ्गति कसरी गरिन्छ ? यस सम्बन्धमा यहूदाले निम्न चारवटा बुँदाहरू पेश गर्छन्:

*पहिलो बुँदाः* उनीहरूले आफ्नो परम पवित्र विश्वासमा आफ्नो उन्नति गर्दै गर्नुपर्छ । त्यो विश्वास इसाई विश्वास हो । हामीले आफ्नो उन्नति तब गर्छौं, जब हामी पवित्र बाइबल अध्ययन गर्छौं र त्यसको आज्ञापालन गर्छौं । परमेश्वरको वचनसित नित्य घनिष्ठता राख्नाले त्यसले हामीलाई स्पष्ट अगुवाइ दिईकन धार्मिकताको मार्गमा डोऱ्याउँछ । वचनले बाटोमा हामी-माथि आइपर्ने खतराहरूको विषयमा हामीलाई चेताउनीहरू दिन्छ । यस विषयमा श्री एच. पिकरिङले यसो भनेका छन्: 'शिक्षा-सिद्धान्तमा मानिसहरूले थोरै मूल्य देख्छन्, थोरै मतबल राख्छन्; तर सिद्धान्तले सद्‌गुण पैदा गर्छ; सद्‌गुणले सिद्धान्त पैदा गर्दैन, गर्नै सक्दैन ।'

*दोस्रो बुँदाः* उनीहरूले पवित्र आत्मामा प्रार्थना गर्दै गर्नुपर्छ । पवित्र आत्मामा प्रार्थना गर्नु भनेको प्रार्थनामा पवित्र आत्माको अगुवाइ पाउनु हो; अनि पवित्र आत्माको अगुवाइ भन्नाले पवित्र बाइबलमा प्रकट भएको परमेश्वरको इच्छाअनुसार हामीले प्रार्थनाहरू चढ़ाउनुपर्छ; अथवा हुन सक्छ, कुनै विश्वासी विशेषले पवित्र आत्माको व्यक्तिगत अगुवाइ पाउनु पनि सम्भव छ, जुन अगुवाइअनुसार उसले विन्ती-प्रार्थना गर्छ । पवित्र आत्माको अगुवाइमा गरिने प्रार्थना र रटेर गरेको, कण्ठ गरिएको प्रार्थनामा ठूलो भिन्नता छ । प्रार्थनाचक्रे मन्त्रजस्तै जपिएको प्रार्थनामा आत्मिक ध्यान केही पनि चाहिँदैन ।

**यहूदा १:२१:** *तेस्रो बुँदाः* ख्रीष्ट-विश्वासीहरूले आफूलाई परमेश्वरको प्रेममा लगाइराख्नुपर्छ । परमेश्वरको प्रेम हामीले यहाँ, यस

ठाउँमा सूर्यको प्रकाशसित तुलना गर्न सक्छौं। घाम सधैं लागिरहन्छ। तर जब हामी र घामको बीचमा कुनै कुरा आउँछ, तब घाम हामीबाट छेकिन्छ। परमेश्वरको प्रेमको सम्बन्धमा कुरा पनि यस्तै छ। परमेश्वरको प्रेम सधैं हामीमाथि चम्किन्छ। तर प्रभु र हाम्रो बीचमा कुनै पाप आयो भने, हामीले उहाँको प्रेमको आनन्द अनुभव गर्न सक्दैनौं। सर्वप्रथम पवित्र र भक्तिपूर्ण जीवन जिएर हामीले आफूलाई परमेश्वरको प्रेममा राखिछोड्न सक्छौं। अनि पाप बीचमा आयो भने, हामीले त्यो पाप मानिलिनुपर्छ र तुरुन्तै छोड्नुपर्छ। तपाईं र परमेश्वरको बीचमा केही पनि आउन नदिनुहोस्! परमेश्वरको प्रेम नित्य अनुभव गर्ने रहस्य यसैमा छ।

*तपाईं र मुक्तिदाता प्रभुको बीचमा केही पनि नआओस्!*
*यस संसारको मायामोहको जालमा कहिल्यै नफस्नुहोस्!*
*कुनै कुराले तपाईंबाट उहाँको एउटै निगाह पनि नरोकोस्!*
*प्रभुकहाँ जाने बाटोमा आएका अवरोधहरू तुरुन्तै हटाउनुहोस्!*
*तपाईं र प्रभुको बीचमा केही पनि आउन नदिनुहोस्!*

*श्री चार्लस ए. टिन्ले*

*चौथो बुँदाः* हामी अनन्त जीवनका निम्ति हाम्रा प्रभु येशू ख्रीष्टको कृपाको बाटो हेर्दै रहनुपर्छ। यहाँ 'हाम्रो प्रभुको कृपा'ले सङ्केत गरेको सन्दर्भ प्रभु येशूको चाँड़ै हुने दोस्रो आगमन हो, जुन बेलामा उहाँ आफ्ना जनहरूलाई आफ्नो साथमा स्वर्गको घरमा लैजान आउनुहुनेछ। यस अन्धकारको समयमा र यी धर्मपतन भएका दिनहरूमा हामीले आफ्नो हृदयमा धन्यको आशारूपी दियो बालिराख्नुपर्छ। तब निश्चय नै प्रभु येशूको आगमनको आशाले हामीलाई सान्त्वना दिन्छ; अनि त्यसले हामीलाई शुद्ध पार्छ (१ थेस्सलोनिकी ४:१८; १ यूहन्ना ३:३)।

**यहूदा १:२२:** धर्मत्यागीहरूको जालमा फसेका शिकारहरूसित व्यवहार गर्नलाई हामीमा आत्मिक विवेचना गर्ने शक्ति हुनुपर्छ। किनभने पवित्र धर्मशास्त्र बाइबलले झूटा शिक्षाका सक्रिया प्रचारकहरूसितको व्यवहार र यी झूटा शिक्षकहरूको जालमा फसेकाहरूसितको व्यवहारको बीचमा छुट्ट्याउँछ। झूटा शिक्षकरूपी अगुवाजनहरू र झूटा शिक्षाका

प्रचारकहरूको सम्बन्धमा हामीले अपनाउनुपर्ने व्यवहार हामी यूहन्नाको दोस्रो पत्र १:१०-११ पदमा पाउँछौं, जहाँ यसो लेखिएको छः *'यदि कोही तिमीहरूकहाँ आउँछ, र त्यसले यही शिक्षा ल्याउँदैन भने त्यसलाई आफ्नो घरमा स्वागत नगर, न ता त्यसलाई अभिवादन गर; किनकि जसले त्यसलाई अभिवादन गर्छ, ऊ त्यसका दुष्ट कामहरूसित सहभागी हुन्छ।'* तर झूटा शिक्षकहरूको जालमा फसेकाहरूको विषयमा यहूदाले हामीलाई 'भिन्नता[10]) राख' भन्ने सल्लाह गर्छन्, त्यसपछि तिनले हामीलाई यसका निम्ति अपनाउनुपर्ने दुईवटा तरिकाहरू बताउँछन्।

कसै-कसैसित हामीले दया देखाउनुपर्छ। हामीले ती मानिसहरूको विषयमा दयाको भावना लिएर तिनीहरूमा साँचो चासो राख्नुपर्छ। त्यसपछि हामीले तिनीहरूलाई शङ्का-उपशङ्का र वादविवादहरूमा जेलिएको अवस्थाबाट डोऱ्याउँदै तिनीहरूलाई ईश्वरीय सत्यतामाथि स्थापित गरेर बलियो तुल्याउनुपर्छ।

**यहूदा १:२३:** त्यसपछि भीरको डिलबाट लड़ेर धर्मपतनको खाड़लरूपी आगोको ज्वालाभित्र खस्न लागिरहेकाहरू पनि छन्। यस्ता-हरूलाई बचाउन हामीले सुस्पष्ट र सुदृढ़ चेताउनी र अर्ती दिनुपर्छ। यसो गर्दा हामीले शरीरद्वारा कलङ्कित भएको वस्त्रलाई समेत घृणा गर्नुपर्छ।

पुरानो नियमको समयमा कोरीको लुगा पनि अशुद्ध ठहरिएको थियो, र त्यसलाई जलाउनुपरेको थियो (लेवी १३:४७-५२)। तर वर्तमान समयमा हामीले यस्ता मानिसहरूसँग बरताव गर्नुपर्छ, जसले अनुचित यौन सम्बन्धहरू राखेर व्यभिचारका पापहरूमा पतित भएका छन्। यस सिलसिलामा हामीले बुझ्नुपर्छ, कि विषयासक्त तुल्याउने वस्त्र आदि वस्तुहरू छन्। ती वस्तुहरू देखेर वा छोएर हाम्रो मनमा यस पापसित मानसिक सम्बन्ध जोड़िन्छ। यसकारण व्यभिचारले अशुद्ध भएका मानिसहरूसित व्यवहार गर्दा हामी एकदम होशियार रहनुपर्छ, नत्र ता हामी आफै परीक्षामा पर्छौं। हामीलाई पापमा फसाउने सम्भावना भएका सबै चीजहरूबाट हामी टाढ़ा बस्नुपर्छ। अज्ञात लेखकले यो कुरा यस प्रकारले व्यक्त गरेका छन्ः

'मानिसले लाउने लुगाहरूले त्यसले गरेको पापसित सम्बन्ध राख्दा रहेछन् र पापको गन्ध पनि बोक्दा रहेछन्। त्यसका लुगाहरूमा दुष्टताको सरुवा रोग लागेको छ। यसकारण हाम्रो आत्मालाई संक्रमण गरेर नाश गर्ने यस सरुवा रोगबाट बाँच्न चाहे हामीले पापसित सम्बन्ध राख्ने जुनसुकै कुरा फ्याँक्नुपर्छ र परित्याग गर्नुपर्छ।'

श्री जे. बी. मायोरले हामीलाई चेताउनी दिएर भनेका छन्ः

'पापी मानिसमाथि दया देखाउनु र प्रार्थना गर्नु ख्रीष्ट-विश्वासीको कर्तव्य हो; तर पापको सङ्केत गर्ने र पापको गन्ध बोक्ने सबै कुराहरू उसले घृणा गर्नुपर्छ।' [11)]

## घ) यहूदा १ः२४-२५ः परम सुन्दर आशीर्वाद

**यहूदा १ः२४ः** एउटा सुन्दर आशीर्वादको वचन लेखेर यहूदाले आफ्नो पत्र अन्त्याउँछन्। आफ्नो स्तुतिरूपी वन्दना र तारिफसित तिनले परमेश्वरलाई महिमा दिनुहुन्छ; किनभने उहाँ पूरा सक्षम हुनुहुन्छ।

**क)** उहाँ हामीलाई बचाउन सक्षम हुनुहुन्छ (हिब्रू ७ः२५)।

**ख)** उहाँ हामीलाई स्थापित गर्न सक्षम हुनुहुन्छ (रोमी १६ः२५)।

**ग)** उहाँ हामीलाई सहायता गर्न सक्षम हुनुहुन्छ (हिब्रू २ः१८)।

**घ)** उहाँ सबै कुराहरू आफ्नो वशमा पार्न सक्नुहुन्छ (फिलिप्पी ३ः२१)।

**ङ)** अनि उहाँ हामीलाई जोगाउन सक्नुहुन्छ (यहूदा १ः२४)।

**च)** उहाँले हामीलाई शान्ति नै शान्ति भएको अवस्थामा राख्न सक्नुहुन्छ (यशैया २६ः३)।

**छ)** जुन कुरा हामीले त्यस दिनसम्म उहाँको हातमा सुम्पेका छौं, त्यो कुराको रखवाली गर्न उहाँ पूरा सक्षम हुनुहुन्छ (२ तिमोथी १ः१२)।

**ज)** उहाँ हामीले मागेका वा सोचेका सबै कुराहरूभन्दा अत्यन्तै बढ़ी गर्न सक्नुहुन्छ (एफेसी ३:२०)।

**झ)** उहाँ हामीलाई[12)] लड्नदेखि जोगाउन सक्नुहुन्छ। यहूदाले प्रसङ्ग उठाएका यी धर्मपतनका दिनहरूमा यो अन्तिम प्रतिज्ञा कति समयानुकूल हो।

**ण)** तर यस प्रतिज्ञाको दोस्रो भाग पनि छ। उहाँले हामीलाई आफ्नो महिमाको सामु साह्रै आनन्दसहित दोषरहित खड़ा गराउन सक्नुहुन्छ। यो साँच्चै एक उदेक र ताजुब कुरा हो।

आफ्नो पहिलो, ख्रीष्टरहित अवस्था विचार गर्नुहोस्! हामी आफ्ना अपराध र पापहरूमा मरेका थियौं। आफ्नो वर्तमान अवस्था सम्झनुहोस्! हामी उहाँका गरिब, कमजोर, चुकिजाने सेवकहरू हौं। अनि अब यस कुरामाथि पनि आफ्नो विचार पुऱ्याउनुहोस्! एकदिन हामी सृष्टिकर्ता परमेश्वरको सिंहासनको सामुन्ने दोषरहित उभिनेछौं। तब हाम्रो आनन्दको सीमा हुनेछैन। यो परमेश्वरको अपार अनुग्रहको फल हो।

**यहूदा १:२५:** परमेश्वर हाम्रो रक्षक हुनुहुन्छ; उहाँ हाम्रो सिद्धकर्ता पनि हुनुहुन्छ। उहाँचाहिँ परमेश्वर हाम्रा मुक्तिदाता[13)] हुनुहुन्छ। परमेश्वर हाम्रा मुक्तिदाता! यो एक अद्‌भुत कुरा हो। परमेश्वरले हामीमा यति चासो राख्नुहुन्छ!! हो, उहाँले मुक्तिको योजना रच्नुभयो र आफ्ना पापरहित पुत्र प्रभु येशूमा हाम्रा पापहरूका निम्ति निर्दोष बलिको पाठोको प्रबन्ध गर्नुभयो। उहाँ मात्र बुद्धिमान् हुनुहुन्छ। अनि सबै बुद्धि परमेश्वरबाट आउँछ; बुद्धिको मूल उहाँ हुनुहुन्छ (याकूब १:५)। हामीमा भएको सारा बुद्धि उही बुद्धिको मूल-स्रोतबाट, एकमात्र बुद्धिमान् परमेश्वरबाट आएको छ।

पुरानो अङ्‌ग्रेजी भाषाको अर्थअनुसार आराधनाको अर्थ परमेश्वरको गुणानुवाद गर्नु हो; अनि उहाँको गुणानुवाद गर्ने मानिसले परमेश्वरको सुचरित्रको बखान गर्छ र उहाँको योग्यताको कीर्ति गर्छ। उहाँ महिमा, प्रताप, प्रभुत्व र अधिकार पाउनु योग्य हुनुहुन्छ।

*महिमाः* हामीले परमेश्वरलाई उहाँको व्यक्तित्वका सबै सद्‌गुणहरूका निम्ति र उहाँले हाम्रा निम्ति गर्नुभएका सबै कामहरूका निम्ति सर्वोच्च आदर दिनुपर्छ।

*प्रतापः* सारा ब्रह्माण्डका मालिक र महामहिम राजाचाहिँ सबै सम्मान, सबै महिमा र सबै वैभव पाउनु योग्य हुनुहुन्छ।

*प्रभुत्वः* प्रभुत्वचाहिँ उहाँको सर्वाधिकारको हक हो, जुन हक र अधिकार कसैले पनि विरोध गर्न सक्दैन, अँ, कसैले पनि उहाँसँग यसको बारेमा विवाद गर्न सक्दैन। शासन-अधिकार उहाँकै हो।

*अधिकारः* उहाँका हातले बनाएको सारा सृष्टिमाथि उहाँको मात्र अधिकार छ। सर्वशक्तिमान् परमेश्वरसँग परमाधिकार छ।

बितेको सयममा परमेश्वर स्तुतिको योग्य हुनुहुन्थ्यो; वर्तमान समयमा उहाँ स्तुतिको योग्य हुनुहुन्छ; अनि उहाँ अनन्त-अनन्तसम्म स्तुतिको योग्य हुनुहुनेछ। धर्मत्यागीहरू र झूटा शिक्षकहरूले उहाँको महिमा खोस्न र लुट्न कोशिश गर्लान्, उहाँको प्रताप कम गराउन चाह्लान्, उहाँको प्रभुत्व अस्वीकार गरेर त्यसको विरोधमा गनगन गर्लान्, अनि उहाँको अधिकारलाई चुनौती देलान्; तर सबै साँचो विश्वासीहरूले चाहिँ परमेश्वरलाई महिमा दिनुमा आफ्नो परम आनन्द र उहाँसित सङ्गति गर्न पाएकोमा सर्वोच्च परितोष र उत्कृष्ट तृप्ति पाउँछन् – अहिले पाउँछन् र सदा-सर्वदा पाउनेछन्। आमेन!

# Endnotes:

1) **1:1:** Instead of "sanctified" (*heµgiasmenois*) the critical (NU) text reads "beloved" (*eµgapeµmenois*). The strong condemnation of immorality in this letter is probably better introduced by its opposite, "sanctified."

2) **1:4:** The word "God" is omitted by the NU text. The two "Lords" are different words in the original. In "Lord Jesus" the usual word *Kurios* is used. In 'Lord God" a synonym, *Despotes*, occurs. (Our derivative "despot" is not a good *translation* due to its bad connotation in English.) Both words mean "Lord," "Master," or "Owner."

3) **1:4:** "Liberal" means free, but in religion it refers to those who deny major doctrines of the faith, such as inspiration, the virgin birth, the deity of Christ, and the blood atonement. So-called liberals are often open to any doctrine or religion, as long as it is *not* the orthodox biblical teaching.

4) **1:4:** The Neo- ('New") Orthodox are not really orthodox. They accept some of the teachings of the Bible, but use orthodox terminology to mask unbiblical unbelief. For example, the Bible 'becomes" the word of God to the Neo-Orthodox if it 'speaks to him." To the orthodox believer, the Bible *is* the word of God.

5) **1:11:** C. A. Coates, *An Outline of Mark's Gospel and other Ministry*, p. 125.

6) **1:12:** They called the feast an *agapeµ*, literally 'love."

7) **1:12:** The best reading is "carried away" or "carried along," as in the oldest (NU) and also the majority of mss. (majority text). The reading of the Textus Receptus, KJV, and NKJV ("carried about") has weak support.

8) **1:14:** William Kelly, "Lectures on the Epistle of Jude," *The Serious Christian,* I:123.

9) **1:14:** "Comes" translates the aorist (*eµlthe*). This may translate a Semitic prophetic perfect, a future event seen as so certain that it is expressed in the past.

10) **1:22:** The textual variants here are further complicated by the fact that the Greek verb *diakrinomai* can mean "doubting" or "making a distinction." See NKJV footnotes on verses 22, 23.

**11) 1:23:** J. B. Mayor, *The Epistle of St. Jude and the Second Epistle of St. Peter*, p. 51.

**12) 1:24:** The majority text reads ‘‘them” for ‘‘you,” meaning those sinning in the previous verses that spiritual Christians strive to save.

**13) 1:25:** As a constant reading of the textual notes in the NKJV NT will show, the NU text (largely Alexandrian) is very prone to be shorter (to ‘‘omit”) than the Traditional and Majority Texts. Hence, when it *adds* something it is especially interesting. In verse 25, *three* additions are made, so that it reads:

*To the only God our Savior,*
*Through Jesus Christ our Lord,*
*Be glory and majesty,*
*Dominion and power,*
*Before all time, etc.*

It does omit the word ‘‘wise”, however.

Perhaps Jude’s perennially popular benediction was recited in this longer form in the Egyptian churches.

# BIBLIOGRAPHY

Bigg, Charles. *The Epistles of St. Peter and St. Jude*. Edinburgh: T. & T. Clark Ltd., 1901.

Coder, S. Maxwell. *Jude: The Acts of the Apostates*. Chicago: Moody Press, 1958.

Green, Michael. *The Second Epistle General of Peter and the General Epistle of Jude*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1968.

Ironside, H. A. *Epistles of John and Jude*. New York: Loizeaux Bros., Inc., 1931.

Kelly, William. ‘Lectures on the Epistle of Jude,” *The Serious Christian*. Vol. I. Charlotte, N.C.: Books for Christians, 1970.

Mayor, J. B. The Epistle of St. Jude and the Second Epistle of St. Peter. Grand Rapids: Baker Book House, 1965.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**

**२) मामुली जीवनभन्दा उच्च जीवन**

**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**

**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**

**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**

**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**

**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

**८) मत्तीको सुसमाचारको टिप्पणी**

**९) मर्कूसको सुसमाचारको टिप्पणी**

**१०) लूकाको सुसमाचारको टिप्पणी**

**११) यूहन्नाको सुसमाचारको टिप्पणी**

**१२) रोमीको पुस्तकको टिप्पणी**

**१३) पहिलो कोरिन्तीको पत्रको टिप्पणी**

**१४) गलातीको पुस्तकको टिप्पणी**

**१५) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१६) याकूबको पत्रको टिप्पणी**

**१४) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738